Australian Government
Australian Taxation Office

# कर फिर्ता फाराम पेस गर्ने सहायता प्राप्त गर्नुहोस्

Nepali | नेपाली

**तपाईंलाई कर फिर्ता फाराम पेस गर्ने सहयोग चाहिएको छ भने Australian Taxation Office's (ATO's) के निःशुल्क Tax Help उपलब्ध गराइरहेको छ ।**

## करसम्बन्धी सहायता के हो ?

यो सेवा कर फिर्ता फाराम तयार गरेर पेस गर्नु पर्ने व्यक्तिहरूको लागि हो । यो सहायता ATO ले तालिम दिएका स्वयंसेवीहरूले Tax help प्रदान गरिरहेका छन् ।

यो सेवा जुलाईदेखि अक्टोबरसम्म सबै अष्ट्रेलियाली राजधानी शहरहरू र अष्ट्रेलियाभरका धेरै क्षेत्रहरूमा उपलब्ध छ। केही स्थानमा Tax Help अंग्रेजी बाहेकका भाषामा पनि उपलब्ध छ ।

तपाईं Tax Help को स्वयं सेवकलाई प्रत्यक्ष रूपमा भेट्न पाउनुहुन्छ । प्रत्यक्ष भेट सम्भव नभएका खण्डमा स्वयं सेवकले तपाईंलाई अनलाइन वा फोनबाट Tax Help प्रदान गर्ने छन् ।

## कसले Tax Help प्रयोग गर्न पाउँछ ?

तपाईंको वार्षिक आय $60,000 वा सोभन्दा कम छ भने निम्न अवस्थामा तपाईं कर सहायता प्रयोग गर्न सक्नुहुन्छ:

- तपाईं ठेकेदारको रूपमा काम गर्नुहुन्न भने (जस्तै करारमा काम गर्ने क्लिनर वा ट्याक्सी चालक)
- तपाईं व्यवसाय (एकलौटी व्यवसाय सहित) चलाउनुहुन्न भने
- तपाईंको साझेदारी व्यवसाय वा ट्रस्ट छैन भने
- तपाईं सेयर वा लगानी बेच्नु हुन्न भने
- तपाईं घर आदि भवन भाडामा दिनुभएको छैन भने
- तपाईंले पूँजीगत लाभ कर (CGT) तिर्नु हुन्न भने
- तपाईं रोयाल्टी प्राप्त गर्नु हुन्न भने
- तपाईं कुनै ट्रस्टबाट व्यवस्थापन कोश बाहेकका रकम प्राप्त गर्नुहुन्न भने
- विदेशी पेन्सन वा एन्युटी बाहेकका विदेशी आय प्राप्त गर्नुहुन्न भने ।

## मैले कसरी Tax Help प्रयोग गर्न सक्नुहुन्छ ?

ATO को टेलिफोन **13 28 61** मा सम्पर्क गरेर आफ्नो नजिकैको Tax Help केन्द्रमा अपोइन्टमेन्ट लिनुहोस् ।

तपाईं Tax Help सेवा प्रयोग गर्न अयोग्य हुनुहुन्छ भने तपाईंले अन्य विधिबाट कर फिर्ता फाराम पेस गर्नु पर्ने हुन्छ। तपाईं myTax प्रयोग गरी अनलाइनबाट यो काम गर्न सक्नुहुन्छ वा कुनै मान्यता प्राप्त कर एजेन्टलाई यो काम गर्न लगाउन सक्नुहुन्छ।

## Tax Help अपोइन्टमेन्टमा के लिएर आउने

तपाईंसँग निम्न कुराहरू हुनुपर्छ:

- myGov युजर ID र पासवर्ड password– तपाईंसँग खाता छैन भने वा तपाईंले आफ्ना विवरणहरू बिर्सनुभयो भने Tax Help स्वयंसेवकले तपाईंलाई सहयोग गर्ने छन्।
- myGov को पहुँच कोड प्राप्त गर्ने मोबाइल फोन
- बैंक खाताको विवरण (BSB र खाता नम्बर)
- कर फाइल संख्या (TFN)
- विगत पाँच वर्षको मूल्याङ्कन विवरण
- तपाईंका सबै रोजगारदाताले तपाईंलाई दिएको इनकम स्टेटमेन्ट
- कामसम्बन्धी खर्च, दान वा उपहारको भरपाई
- तपाईंले तिर्नुभएको बाल सहायता भुक्तानी (छ भने)
- सम्बन्धित आर्थिक वर्षमा तपाईंसँग जीवन साथी हुनुहुन्थ्यो उहाँको (विवाहित होस् वा नहोस्) को करयोग्य आयको विवरण वा उचित अनुमान

## सहयोग प्राप्त हुने स्थानहरू

थप जानकारीको लागि ATO को वेबसाइट ato.gov.au/TaxHelp (अंगरेजी) हेर्नुहोस्।

### (अंगरेजीमा) उपलब्ध स्रोतहरू

- What is income?
- Deductions you can claim
- Lodging your tax return
- Finding a registered tax agent
- Records you need to keep

**अस्वीकृति:** यो साधारण जानकारी मात्र हो र यो जानकारी 28 जुलाई 2020 मा अध्यावधिक गरिएको हो।

तपाई यो जानकारी कपी गर्न, प्रयोग गर्न, संशोधन गर्न, प्रशारण गर्न र वितरण गर्न स्वतन्त्र हुनुहुन्छ (तर यसो गर्दा ATO वा Commonwealth ले तपाई वा तपाईंका सेवा वा उत्पादनलाई मान्यता दिएको छ भन्ने कुरा झल्किनु हुँदैन।